# वित्तीय जानकारी इकाई (FIU-Nepal) र वित्तीय संस्थाका कार्यान्वयन अधिकारीहरुबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०७९ मंसिर १२ गते जमल, काठमाडौं स्थित होटल यल्लो पगोडामा goAML को प्रभावकारी कार्यान्वयनका लागि वित्तीय संस्थाहरुका कार्यान्वयन अधिकारीहरुको सहभागितामा goAML कार्यान्वयनको सिलसिलामा देखिएका समस्या, चुनौति एवं समाधान तथा आगामी पारस्परिक मूल्यांकनको तयारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।




नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारीको प्रमूख आतिथ्यतामा कार्यक्रम सञ्चालन भएको थियो । उहाँले goAML को प्रभावकारी कार्यान्वयन गर्दै पारस्परिक मूल्यांकनमा वित्तीय क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको बिचार व्यक्त गर्नु भयो । कार्यक्रममा इकाईका प्रमुख/निर्देशक दीर्घ बहादुर रावलले goAML को प्रभावकारी कार्यान्वयनमा सबै वित्तीय संस्थाहरुले देखाएको सक्रियताका लागि धन्यवाद ज्ञापन गर्नु भयो । कार्यक्रमका अतिथि, नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोज काजी तुलाधारले कार्यक्रम निकै प्रभावकारी रहेको बताउँदै, पारस्परिक मूल्यांकनको क्रममा वित्तीय संस्थाहरुलाई सोधिन सकिने प्रश्नहरुको बारेमा छलफल कार्यक्रम आयोजना गरेकोमा इकाईलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

इकाईका उप-निर्देशक केशब प्रसाद रिमालले स्वागत मन्तव्य राख्दै सूचक संस्थाका रुपमा रहेका वित्तीय संस्थाहरुको Reporting मा देखिएका समस्या, चुनौति एवं समाधानका सम्बन्धमा आफ्नो धारण व्यक्त गर्नुभयो । उप-निर्देशक डा. हरिकुमार नेपालले पारस्परिक मूल्यांकनलाई प्रभावकारी बनाउन सबै सरोकारवाला निकायहरुले साझा अवधारणाको विकास गर्दै सबै निकायले दिने जवाफमा एकरुपताको महत्व औंल्याउनु भयो ।

कार्यक्रममा इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले 'goAML कार्यान्वयनका समस्या, चुनौति एवं समाधान' तथा 'आगामी पारस्परिक मूल्यांकन' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने वित्तीय संस्था सुपरिवेक्षण विभागकी उप-निर्देशक रञ्जना शर्माले 'पारस्परिक मूल्यांकन: सुपरिवेक्षण दृष्टिकोण' शीर्षकमा दोश्रो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । इकाईका उप-निर्देशक विष्णु प्रसाद गुरागाईले प्रस्तोताहरुको प्रभावकारी प्रस्तुती, सहभागीहरुको अन्तरक्रियामा सक्रिय सहभागीता तथा अतिथिहरुको राय सुझाव तथा प्रतिक्रियाका लागि धन्यवाद ज्ञापन गर्नुभयो । उक्त अन्तरक्रिया कार्यक्रमको सञ्चालन वित्तीय जानकारी इकाईकी सहायक निर्देशक स्वेच्छा घिमिरेले गर्नुभएको थियो ।